# हेटौंडा उपमहानगरपालिकाको प्रथम नगरसभाबाट स्वीकृत आर्थिक ऐन,२०७४

# एवं तत् सम्बन्धी वार्षिक नीति तथा कार्यक्रमबारे संक्षिप्त जानकारी

1. चालु आ ब का लागि कूल आन्तरिक आय रू १४ करोड ९७ लाख ३८ हजार अनुमान गरिएकोमा २०७४ आषाढ १५ सम्ममा रू १४ करोड १३ लाख ७० हजार आय संकलन भएको छ । (अर्थात् कूल लक्ष्यको तुलनामा ९४ प्रतिशत प्रगति हासिल भएको )।
2. साबिकदेखि नै अभ्यासमा रहेका आय शीर्षकहरूको हकमा कर, शुल्क तथा दस्तुरहरूको संकलनलाई सहज बनाउने उद्धेश्यले बिस्तृत बिबरण सहितको छुट्टाछुट्टै १५ वटा अनुसूचिहरूको समेत ब्यबस्था गरिएको छ ।
3. यस उपमहानगरपालिकाको आन्तरिक आम्दानीका श्रोतहरू (जस्तैः ट्रेकिङ, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याुफ्टीङ्ग शुल्क, पर्यटन शुल्क, जडीबुटी, कबाडी र जीवजन्तु कर र बहाल बिटौरी शुल्क ) को प्रभावकारी रूपमा परिचालन हुन नसकिरहेको सन्दर्भमा ती संभावित आयश्रोतहरूलाई यसै प्रस्ताबित बिधेयकमा नै उल्लेख गरी नगर कार्यपालिकाबाट नियम बनाई कार्यान्वयन गर्न सक्ने गरी प्रस्ताव गरिएको ।
4. हालसम्म अभ्यासमा नआएको उपमहानगरपालिका क्षेत्रभित्र रहेका वातावरणलाई प्रतिकूल प्रभाव पार्ने उद्धोग, व्यबसाय वा वातावरण प्रदूषित गर्ने किसिमका बस्तु वा सेवाको कारोबार गर्ने ब्यक्ति वा संस्थालाई वातावरण प्रदूषण शुल्क लगाइएको ।
5. एकीकृत सम्पत्ति कर धेरैजसो नगरबासीहरूलाई लाग्ने कर भएकोले यथा संभव प्रगतिशील करदर कायम गर्ने प्रयास गरिएको छ । मालपोत कार्यालयले रजिष्ट्रेशन पारित प्रयोजनका लागि वार्षिक रूपमा कायम गर्ने जग्गाको मूल्यलाई आधार मानी सम्पत्ति मूल्यांकन गर्ने गरिएको छ ।
6. पक्की घरहरू निर्माण हुने क्रम मुख्य शहरी क्षेत्रमा बढी हुने भएकोले पक्कीघरहरूको मूल्यांकनमा सामान्य बृद्धि गरिएको ।
7. एकीकृत सम्पत्ति कर निर्धारण गर्दा गत वर्ष तिरेको वा तिर्नुपर्ने कर रकमको ३० प्रतिशत भन्दा बढी नहुने गरी कर संकलन गर्ने र यदि कर निर्धारण गर्दा गत वर्ष तिरेको वा तिर्नुपर्ने कर रकम भन्दा कम हुने भएमा गत वर्ष तिरेको वा तिर्नुपर्ने कर रकम भन्दा कमी नहुने गरी कर संकलन गर्ने ब्यबस्था भएको ।

8. ब्यबसाय कर मकवानपुर उद्धोग बाणिज्य संघ तथा उद्धोग संघ हेटौंडाका प्रतिनिधिहरू समेतको राय सल्लाहमा केही ब्यबसायमा सामान्य बृद्धि गरी करका दरहरू कायम भएको ।

**9.** महिला उद्धमीहरूले सञ्चालन गर्ने उद्धोगहरूको दर्ता दस्तुरमा निर्धारित दस्तुरको ५० प्रतिशत छुट दिने ब्यबस्था गरिएको ।

**10.** माटाका भाँडा, सिलाई बुनाई तथा हस्तकलाका सामान बिक्री गर्ने ब्यबसायीहरूलाई प्रबर्द्धन गर्ने उद्धेश्यले साबिकको कर दरमा कम गरिएको । रू ९०० बाट घटाई रू ५०० कायम भएको ।

**11.** घर तथा अन्य प्रकारका संरचनाहरुको नक्सा पास गर्दा लाग्ने दस्तुरमा भू उपयोग, भौगोलिक बिशेषता, संरचनाको किसिम समेतलाई बिचार गरी मुख्य शहरी क्षेत्र केन्द्रित हुने गरी संभव भएसम्म प्रगतिशील दर कायम गर्ने प्रयास गरिएको ।

12. कार्यालयबाट प्रदान गरिने बिभिन्न प्रकारका सेवामा साबिकदेखि लाग्दै आएको दस्तुर तथा सेवा शुल्क मध्ये केहीमा सामान्य बृद्धि भएको ।

13. प्लटिंग स्वीकृति प्रदान गर्दा लाग्ने शुल्कमा भने उल्लेख्य बृद्धि गरिएको छ ।

14. जिल्ला समन्वय समितिको कार्यालय मकवानपुरबाट अगामी आ ब मा राजस्व बाँडफाँड बापत रु २ करोड २ लाख आय हुने अनुमान गरिएको ।

15. आ ब २०७४।०७५ का लागि कूल १ अरब २२ करोड ९० लाख ३५ हजार रूपैया आय हुने अनुमान गरिएको छ ।

16. कूल आन्तरिक आय रू १९ करोड ३ लाख ७० हजारको सारांश बिबरण देहाय बमोजिम रहेको :

**(क)** एकीकृत सम्पत्तिकर रु ३ करोड १० लाख

**(ख)** घरबहाल कर रू ३० लाख

**(ग)** रजिष्ट्रेशन दस्तुर रू ३ करोड १५ लाख

**(घ)** पटके सबारी कर रू २ करोड ४० लाख

**(ङ)** वार्षिक सबारी कर रू १ लाख ५० हजार

**(च)** बिभिन्न प्रकारका दस्तुरहरू रू २ करोड ५७ लाख ५० हजार

**(छ)** बिज्ञापन कर रू ३० लाख

**(ज)** ब्यबसायकर रू ९० लाख

**(झ)** बक्यौता घरजग्गा कर तथा मालपोत रू ५ लाख ५० हजार

(ञ)  वातावरण  प्रदूषण शुल्क रू ८५ लाख

(ट)  जिल्ला समन्वय समितिबाट राजस्व बाँडफाँड वापत प्राप्त हुने आय रू २ करोड  २ लाख

(ठ)  अन्य रु ३ करोड ३७ लाख २० हजार

१७कूल बाह्य आय रू १ अरब ३ करोड ८६ लाख ६५ हजार रूपैंयाको सारांश बिबरण यस प्रकार छ :   (क)  सरकारबाट प्राप्त हुने समानीकरण अनुदान रू ५२ करोड ५५ लाख ९४ हजार

(ख)  सरकारबाट प्राप्त हुने सशर्त अनुदान रू ३१ करोड ७१ हजार

(ग)  नगर बिकास कोषबाट प्राप्त हुने अनुदान रू ८० लाख

(घ)  सडक बोर्ड नेपालबाट प्राप्त हुने अनुदान रू ९० लाख

(ङ) सामाजिक सुरक्षा भत्ता बापत प्राप्त हुने अनुदान रू १८ करोड ५० लाख

(च) अन्य आय रु १० लाख ।

# हेटौंडा उपमाहनगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

### आर्थिक ऐन २०७४ को दफा १३ (१) संग सम्बन्धित (अनुसूचि १३)

### नगर कार्यपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने नक्सापास दस्तुर तथा सो सम्बन्धी ब्यबस्था

| | भवनको प्रकार | व्यापारिक तथा आवासिय क्षेत्र (रू.) | आवासिय क (रू.) | आवासिय ख (रू.) |
|---|---|---|---|---|
| | १) शहरी क्षेत्रका लागि | १५।०० | - | - |
| | २) आर.सि.सि. फ्रेमस्ट्रक्चर सिमेण्ट जोडाई भवन | १२।०० | १०।०० | ९।०० |
| | ३) लोड बियरिङ स्टक्चर सिमेण्ट जोडाई भवन | १०।०० | ९।०० | ८।०० |
| | ४) लोड बियरिङ माटो जोडाई स्टक्चर भवन | ९।०० | ९।०० | ८।०० |
| | ५) लोड बियरिङ जस्ता छाना भएको भवन | ८।०० | ७।५० | ६।०० |
| | ६) ट्रसको बिल्डिङ | ७।५० | ७।०० | ५।०० |
| | ७) फाइबर बिल्डिङ | ७।५० | ७।०० | ५।०० |

# हेटौंडा उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## आर्थिक ऐन २०७४ को दफा ३ (२) संग सम्बन्धित अनुसूचि (१)

### नगर कार्यपालिकाले आफनो क्षेत्रभित्र लगाउन सक्न एकिकृत सम्पत्ति करको दर

| सि.नं. | सम्पत्तिको मूल्य रु भन्दा माथि | मूल्य रु सम्मको लागी | कर रकम/प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| **१** | **-** | **३०,००,०००.००** | **०.०२** | **७५ देखि ६०० सम्म** |
| | - | ५,००,०००.०० | ७५.०० | |
| | ५,००,००१.०० | १०,००,०००.०० | २००.०० | |
| | १०,००,००१.०० | १५,००,०००.०० | ३००.०० | |
| | १५,००,००१.०० | २०,००,०००.०० | ४००.०० | |
| | २०,००,००१.०० | २५,००,०००.०० | ५००.०० | |
| | २५,००,००१.०० | ३०,००,०००.०० | ६००.०० | |
| **२** | **३०,००,००१.००** | **६०,००,०००.००** | **०.०३** | **६०१ देखि १५०० सम्म** |
| | ३०,००,००१.०० | ३७,५०,०००.०० | ८००.०० | |
| | ३७,५०,००१.०० | ४५,००,०००.०० | १०००.०० | |
| | ४५,००,००१.०० | ५२,५०,०००.०० | १२५०.०० | |
| | ५२,५०,००१.०० | ६०,००,०००.०० | १५००.०० | |
| **३** | **६०,००,००१.००** | **१,००,००,०००.००** | **०.०३५** | **१५०१ देखि २९०० सम्म** |
| | ६०,००,००१.०० | ७०,००,०००.०० | १८००.०० | |
| | ७०,००,००१.०० | ८०,००,०००.०० | २१००.०० | |
| | ८०,००,००१.०० | ९०,००,०००.०० | २५००.०० | |
| | ९०,००,००१.०० | १,००,००,०००.०० | २९००.०० | |
| **४** | **१,००,००,००१.००** | **२,००,००,०००.००** | **०.०४** | **२९०१ देखि ६९०० सम्म** |
| | १,००,००,००१.०० | १,२५,००,०००.०० | ३६००.०० | |
| | १,२५,००,००१.०० | १,५०,००,०००.०० | ४७००.०० | |
| | १,५०,००,००१.०० | १,७५,००,०००.०० | ५८००.०० | |
| | १,७५,००,००१.०० | २,००,००,०००.०० | ६९००.०० | |

| | | | | |
|---|---|---|---|---|
| **५** | **२,००,००,००१.००** | **३,००,००,०००.००** | **०.०५** | **६९०१ देखि ११९०० सम्म** |
| | २,००,००,००१.०० | २,२५,००,०००.०० | ८०००.०० | |
| | २,२५,००,००१.०० | २,५०,००,०००.०० | ९५००.०० | |
| | २,५०,००,००१.०० | २,७५,००,०००.०० | १०५००.०० | |
| | २,७५,००,००१.०० | ३,००,००,०००.०० | ११९००.०० | |
| **६** | **३,००,००,००१.००** | **४,००,००,०००.००** | **०.८** | **११९०१ देखि २१९०० सम्म** |
| | ३,००,००,००१.०० | ३,२५,००,०००.०० | १४०००.०० | |
| | ३,२५,००,००१.०० | ३,५०,००,०००.०० | १६५००.०० | |
| | ३,५०,००,००१.०० | ३,७५,००,०००.०० | १९०००.०० | |
| | ३,७५,००,००१.०० | ४,००,००,०००.०० | २१९००.०० | |
| **७** | **४,००,००,००१.००** | **५,००,००,०००.००** | **०.१५** | **२१९०० देखि ३६९०० सम्म** |
| | ४,००,००,००१.०० | ४,२५,००,०००.०० | २५०००.०० | |
| | ४,२५,००,००१.०० | ४,५०,००,०००.०० | २८०००.०० | |
| | ४,५०,००,००१.०० | ४,७५,००,०००.०० | ३२०००.०० | |
| | ४,७५,००,००१.०० | ५,००,००,०००.०० | ३६९००.०० | |
| **८** | **५ करोड देखि माथि** | | **०.२** | |
| | | | | |

| |
|---|
| क) मूल सडक संग जोडिएको जग्गामा ४ कठ्ठा भन्दा बढी जग्गाको बहुदर प्रणाली लागू हुने । |
| ख) बहुदर प्रणालीमा २० प्रतिशत बाटोले छोएको जग्गाको र ८० प्रतिशत गोरेटो बाटो सरह मूल्यांकन हुने । |
| ग) बक्यौता कर असुल गर्दा यस आ.व. को दरले बक्यौता वर्ष गुणान गर्दा हुने रकम लिने । |
| घ) सम्पत्ति विवरण फरक पारी पछि कर तिर्न आएमा छुट जग्गाको लाग्ने करको शत प्रतिशत थप गरी कर लिने । |
| ङ) जग्गाको मूल्यांकन मालपोत कार्यालय, मकवानपुरबाट लिखत रजिष्ट्रेशन पास प्रयोजनका लागि कायम गरिएको न्यूनतम मूल्यांकन अनुसार हुनेछ । |
| च) माथि उल्लेखित तालिका बमोजिम कर निर्धारण गर्दा गत आ.ब. भन्दा कम हुन आएमा गत आ.ब. सरह नै कर असुल गर्ने । |
| छ) माथि उल्लेखित तालिका बमोजिम कर निर्धारण गर्दा आ.ब. २०७३।०७४ मा लागेको कर रकमको ३० प्रतिशत भन्दा बढी भएमा बढी भएजति कर रकम छूट दिई कर असूल गर्ने । |

## हेटौंडा उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

### आर्थिक ऐन २०७४ को दफा ३(४) संग सम्बन्धित अनुसूचि (२)

नगर कार्यपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने एकीकृत सम्पत्तिकर निर्धारणका लागि भौतिक संरचनाहरूको मूल्यांकन

| सि.नं. | भौतिक संरचनाको प्रकार | मूल्याङ्कक दररेट प्रति वर्गफुट रु- | कैफियत |
|---|---|---|---|
| १ | आर सि. सि. फ्रेमस्ट्रक्चर | १६००.०० | |
| २ | सिमेन्ट जोडाइ इटा वा ढुह्गडाको गारो र आर.सि.सि छाना भएका घरहरु । | १२५०.०० | |
| १२ | माटोको जोडाइ इटा वा ढुङाको गारो आर.सि.सि.छाना भएका घर | ८००.०० | |
| १२ | सिमेन्ट जोडाइ इटा,ढुङा वा ब्लकको गारो जस्ता छाना भएका घरहरु । | ८००.०० | |
| १२ | माटोको जोडाइ इटा/ढुङ्गा वा ब्लकको गारो जस्ता छाना भएका घर | ७००.०० | |
| १२ | चह्ल सिमेन्ट जोडाइमा इटा वा ढुहङ्गाको गारो भइ टायलको छाना भएका | ७००.०० | |
| १२ | माटो जोडाइमा इटा वा ढुहङ्गाको गारो भइ टायलको छाना भएका घरहरु । | ६००.०० | |
| १२ | काठको कच्चि घर वा गोठ | ५००.०० | |